**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्या:२७५

मितिः २०८१/१०/०८

समयः बिहान ११:०० बजे

प्रारम्भः बिहान ११:१० बजे

अन्त्य: दिनको १२:३५ बजे

<u>छलफल एवं निर्णयः</u>

१. समितिको आज मिति २०८१/१०/०८ गते मंगलबार बसेको बैठकमा समितिको कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयोः-

- नेपालको निर्वाचन प्रणालीको सम्बन्धमा छलफल गर्न निर्वाचन आयोग र सम्बन्धित विषयविज्ञलाई समितिमा आमन्त्रण गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयन प्रगति अवस्था, समय मै सहज रुपमा आयोजना सम्पन्न गर्न समस्या समाधानको लागि एवं समितिले यस अघि दिएका सुझाव र निर्देशनहरुको प्रभावकारी कार्यान्वयन र सुधारको अवस्थाको सम्बन्धमा अध्ययन गर्न राष्ट्रिय गौरवका आयोजनाहरुको उपयुक्त समयमा स्थलगत अनुगमन, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा समितिले गरेको निर्णय कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउन सचिवालयलाई निर्देशन दिने,
- समितिको मिति २०७५ साउन २२ मा बसेको पहिलो बैठकदेखि मिति २०८० फागुन २० गतेसम्म अर्थात राष्ट्रिय सभाको पहिलो छ वर्षको अवधिमा समितिबाट भए गरेका काम कारवाहीहरु एवं समितिका सदस्यका अनुभव र सान्दर्भिक लेखहरु समावेश गरी तयार गरिएको "**सरोकार दर्पण**" पुस्तक राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूबाट विमोचनको लागि अनुरोध गर्ने निर्णय भयो। सो को आवश्यक व्यवस्था मिलाउन समिति सचिवालयलाई निर्देशन दिने।

२. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरी आजको बैठक अन्त्य भयो ।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति